# देवताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिप्राढीगोठ,बारा

देवताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिप्राढीगोठ, बारा
२ नं. प्रदेश, नेपाल
२०७३

**माछापालन पोखरी ठेक्का बन्दोबस्त सम्बनधी बोलपत्र आहवान गरिएको सुचना**

**प्रथम पटक प्रकाशित मितिः०७६/०१/१५**

यस देवताल गाउँपालिकाको स्वामित्वमा रहेको जिल्ला बारा साविक गा.वि.स द.क्षिटकैया वडा नं-५ को किता नं २७२ को ज.वि १-१९-० जग्गामा रहेको झिटकैया माछा पोखरी प्रचलित कानून वमोजिम आय ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले निम्न शर्तहरु अधिनमा रहि १५ दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको हुदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) पोखरीको न्यूनतम बोल रकम रु.१६०००००।-लाख अक्षरेपी सोह्र लाख हुनेछ।

२) सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १०००।- (फिर्ता नहुने गरी) नगद बुझाई यस देवताल गाउँपालिकाको कार्यालय पिप्राढीगोठ बाराबाट प्राप्त गर्न सकिने छ। सो वोलपत्र फाराममा आफुले कवोल गर्न चाहेको अंक भरी अंक र अक्षरमा समेतको रकम वोलपत्रमा प्रष्ट उल्लेख गरी १६ औ दिनको १२ वजे भित्र यस गाउँपालिकाकको कार्यालयमा पेश गर्नु पर्ने छ। पेश हुन आएकोसिलबन्दी वोलपत्र सोही दिनको २:०० बजे कार्यालयले तोकेको प्रतिनिधि तथा बोलपत्र दाताको रोहवरमा खोलिने छ। वोलपत्र खरिद गर्न पत्र वा स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत लिई आउनुपर्नेछ।

३) ठेक्का लिन चाहेको इच्छुक व्यक्तिहरुले धरौटीवापत आफुले कवोल गरेको अंकको न्यून्तम ५ प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको सिद्धार्थ बैंक पिप्राढीमा रहेको खाता धरौटी खाता नं ००२१५३६९६६० जम्मा गरेको सक्कल बैंक भौचर वा ७५ दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र सलग्न हुनुपर्ने छ।

४) वोलपत्र तथा सिलवन्दी दरभाउपत्र खाम वाहिर ठेक्काको नाम खुल्ने गरी कार्यालयलाई सम्वोधन गरी पेश गर्नुपर्नेछ।

गाउँ देवताल गाउँपालिका कार्यपालिकाको कार्यालय पिप्राढीगोठ, बारा २ नं. प्रदेश, नेपाल २०७३

५) आफुले पेश गरेको वोलपत्र फाराममा कवोल गरको अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ। रितपूर्वक दाखिला भएका वोलपत्र तथा दरभाउपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालमा निहित रहनेछ।

६) ठेक्का स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र सम्झौता गर्न आउनुपर्ने छ। सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यसपछी कवोल गर्ने वोलपत्र दाताहरुको वोलपत्रलाई स्विकृत गर्ने तर्फ कारवाही गरिनेछ।

७) ठेक्का सम्झौता गर्न आउदा आफुले कवोल गरेको अंकको २० प्रतिशतले हुन आउने रकम अग्रिम दाखिला गर्नुपर्ने छ। दोश्रो किस्ता वापत २०७७ साल जेष्ठ महिनाको १५ गते भित्र कवोल गरेको अंकका २७ प्रतिशत तेश्रो किस्ता वापत २०७८ साल जेष्ठ महिनाको १५ गते भित्र कवोल गरको अंकका २७ प्रतिशत र अन्तिम किस्ता वापत २०७९ साल जेष्ठ महिनाको १५ गते भित्र कवोल गरेको अंकको २६ प्रतिशत वुझाईसक्नुपर्नेछ।

८) आफुले कवोल गरको रकम एकमुष्ट बुझाउने स्विकृत वोलपत्र दातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरूप छुट दिईनेछ। एकमुष्ट रकम वुझाउन नसक्ने वोकपत्र दाताको हकमा दोश्रो, तेश्रो र अन्तम किस्ता वरावरको ठेक्का अवधिभर मान्य हुने बैंक जमानत पत्र वा जग्गा जमानतपत्र पेश गर्नुपर्नेछ।

९) यस सूचना उल्लेख नभएका अन्य विषयहरु नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम हुने छ।

१०) पोखरीमा व्यवसाय सञ्चालन गर्दा स्थानिय संरचना विगार्ने वा स्थानियलाई कुनै प्रकारको अप्ठयारो हुने गुनासो भएमा वा विवाद भएमा जुनसुकै समयमा पनि सम्झौता एकलौटी रुपमा रद्ध गरिने अधिकार यस गाउँपालिकाको कार्यालयमा रहनेछ।

१०) कुनै शर्त सहितको वोलपत्र स्विकार्य हुनेछैन। थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

११)ठेक्का अवधि २०७६ साल जेष्ठ देखि २०८१ जेष्ठ मसान्त सम्म हुनेछ।

१२) गाउँपालिकाले आवश्यकता अनुसार पोखरीको डिल र सो क्षेत्रमा रहेको सार्वजनिक जग्गामा वृक्षारोपण तथा भौतिक पूर्वाधार निर्माण ठेक्केदारको माछापालन व्यवसायमा असर नपर्ने गरी गर्न सक्नेछ।

७६/१/१२

कुलोत्तम प्र. पोखरेल
प्रमुख प्रशासकिय अधिकृत